**नीलकण्ठ नगरपालिकाको नगरसभाको सत्रौं अधिवेशनमा उप प्रमुख दिपक विश्वकर्माबाट प्रस्तुत**

**नीलकण्ठ नगरपालिकाको**

**आ. व. २०८२/०८३ को वजेट तथा कार्यक्रम**

मिति २०८२/०३/०६ (शुक्रबार)

श्री नगर सभाका अध्यक्ष एवंम् नगरप्रमुखज्यू ,
नगरसभाका सदस्यज्यूहरु,
प्रमुख प्रशासकीय अधिकृतज्यू एवं कर्मचारी तथा पत्रकार मित्रहरु!

आज हामीहरु नीलकण्ठ नगरपालिकाको नगरसभाको सत्रौं अधिवेशनमा उपस्थित भएका छौं । आजको यस गरिमामय सभामा उपस्थित सबैलाई हार्दिक स्वागत गर्दछु । यस महत्वपुर्ण अवसरमा नेपालको राजनीतिक परिवर्तनको स्थापनार्थ जनआन्दोलन, जनयुद्ध, मधेस आन्दोलनका क्रममा जिवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रतिहार्दिक श्रद्धान्जली अर्पण गर्दछु। राजनीतिक परिवर्तनको दौरानमा जनआन्दोलन, जनयुद्ध र लोकतान्त्रिक आन्दोलनको विभिन्न चरणका सम्पूर्ण वेपत्ता योद्धाहरु प्रति स्मरण सहित उच्च सम्मान प्रकट गर्दछु । साथै सम्पुर्ण घाइते योद्धाको शिघ्र स्वास्थ्य लाभ तथा परिवारजन प्रति सम्मान व्यक्त गर्दछु ।राष्ट्रियता स्वाधिनता, सामाजिक न्याय, समानता र समताका लागि सक्षम नेतृत्व प्रदान गर्नुहुने मान्य नेतृत्वमा रहनुहुने ब्यक्तित्वहरु प्रति हार्दिक नमन ब्यक्त गर्दछु। मुलुकमा संघीयता कार्यान्वयन संगसंगै हामी निर्वाचित भएको अवधि देखि नगरको विकास र समृद्धिको लागि सिमित स्रोत र साधनलाई प्रयोग गरी अधिकतम सकारात्मक प्रयासहरु गर्दै विभिन्न चुनौतीहरु सामना गर्दै यो अवस्थामा आइपुगेका छौ । यस भन्दा अगाडीका नगरसभाबाट पारित नीति कार्यक्रम तथा बजेटलाइ कार्यान्वयन गर्न सिंगो जनप्रतिनिधि तथा कर्मचारीहरु, पत्रकार, नागरिक समाज तथा नगरबासी सबै सरोकारवाला निकायको उच्च मुल्याङकन गर्दछु। आगामी दिनमा सबै सरोकारवाला निकायको पुर्णरुपमा सहयोगको अपेक्षा गर्दछु ।

संविधानमा उल्लेखित राज्यको निर्देशन सिद्वान्त, संघीय आर्थिक नीति, प्रदेश सरकारको नीति, दिगो विकासका लक्ष्य तथा नगरवासीको माग, विषयगत क्षेत्र, विज्ञ तथा सरोकारवाला संस्थाहरुको सुझाव वर्तमान परिस्थितिको मुल्याङ्कन र उपलब्ध सिमित साधन श्रोतको आधारमा यो बजेट तयार पारिएको छ।

जनचाहनालाई संवोधन गर्ने क्रममा सिमित बजेटबाट असिमित मागहरु सम्बोधन गर्नु अवश्य पनि सहज विषय छैन तथापी नगरपालिकाको वर्तमान आवश्यकता, सामाजिक कल्याण र दीर्घकालिन सोचका

साथ भरसक ठूला दिगो विकासमा टेवा पुग्ने र नगरवासीहरुको जीवन स्तरमा सरोकार राख्ने प्रकृतिको योजनाहरु एवंम रोजगारी सृजना गर्न सक्ने योजनाहरुलाई प्राथमिकतामा राखी बजेट निर्माण गर्ने प्रयास गरेको छु ।

**सभा अध्यक्षज्यू ,**

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले निम्न दस्तावेजहरुलाई आधारको रुपमा लिएको छु ।

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन ,२०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन , २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन ,२०७४
- संघीय र प्रदेश सरकारले जारी गरेको नीति कानुन र मापदण्डहरु
- स्थानीय तह बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४
- संघीय तथा प्रदेश सरकारका आवधिक विकास योजनाहरु
- नगरपालिकाको नगर गुरुयोजना, आवधिक योजना, मध्यकालिन खर्च संरचना, नीति तथा कार्यक्रम
- वडा कार्यालयहरुबाट प्राथमिकता निर्धारण भै आएका योजना तथा कार्यक्रमहरु
- संघीय तथा प्रदेश सरकारबाट प्राप्त वित्तिय हस्तान्तरण सम्बन्धि मार्गदर्शन

आर्थिक वृद्धि, सामाजिक न्याय, सुशासनको प्रत्याभूति, विकासमा दिगोपन लगायतको क्षेत्रमा रहेको थुप्रै चुनौतीहरु तथा वर्तमान संक्रमणको अवस्था र सो को प्रभावलाई सम्बोधन गर्ने क्रममा प्राप्त मार्गदर्शनहरुलाई संघीय र प्रदेश सरकारका कार्यक्रमसँग समन्वय गरि साझेदार संस्थाहरुसँगको सहकार्यलाई समेत अगाडी बढाउने गरि बजेट तयार गरेको छु ।

आजको यस नगरसभामा निम्न विषयवस्तु प्रस्तुत गर्ने अनुमती चाहन्छुः

१) चालु आ.व. को प्रगति प्रतिवेदन

२) चालु आर्थिक वर्षको आन्तरिक राजश्व तथा राजश्व बाँडफाँडको अवस्था,

३) चालु आर्थिक वर्षको क्षेत्रगत बजेट तथा खर्चको अवस्था

४) आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रमहरु

**अब म चालु आ.व को हाल सम्मको प्रगति विवरण पेश गर्दछु । चालु आ.व २०८२/८३ को मिति २०८२/०३/०५ गते सम्मको बजेट तथा खर्चको यथार्थ विवरण यस प्रकार रहेको छ।**

| बजेट शीर्षक | बजेट रकम रु | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ८५,७४,६३,०००/- (पचासी करोड चौरहत्तर लाख त्रिसठ्ठी हजार मात्र ) | ५४,६८,८३,४८०.९२/- (चौवन्न करोड अठ्सठ्ठी लाख त्रियासी हजार चार सय असी रुपैंया र बयानव्वे पैसा मात्र) | ६३.७७ प्रतिशत |
| पूजिगत | ३७,१९,२९,४००/- (सैतिस करोड उन्नाइस लाख उनान्तिस हजार चार सय रुपैया मात्र) | १५,९९,४१,९६६.६६/- (पन्ध्र करोड उनान्सय लाख एकचालिस हजार नौ सय छैसठ्ठी रुपैंयाँ छैसठ्ठी पैसा मात्र) | ४३.०० प्रतिशत |
| कुल जम्मा | १,२२,९३,९२,४००/- (एक अरब बाइस करोड त्रियानव्वे लाख बयानव्वे हजार चार सय रुपैया मात्र ) | ७०,६८,२५,४४७.५८/- (सत्तरी करोड अठ्सठ्ठी लाख पच्चिस हजार चार सय सत्चालिस रुपैंया र अन्ठाउन्न पैसा मात्र ) | ५७.४९ प्रतिशत |

**सभाअध्यक्षज्यू, अव म चालु आ.व २०८१/८२ को हाल सम्मको आन्तरिक आय तथा राजश्व बाँडफाँडको प्रगति पेश गर्ने अनुमति चाहन्छु।**

| **विवरण** | **आ.व २०८१/८२ को कुल अनुमानित आय** | **हालसम्मको यथार्थ आम्दानी** | **प्रगति प्रतिशत** |
|---|---|---|---|
| आन्तरिक आय | ६,००,००,०००/- (छ करोड रुपैंया) | ३,१६,००,००० (तीन करोड सोह्र लाख रुपैयामात्र) | ५२.६६ प्रतिशत |
| राजश्व बाँडफाँड संघ | १४,९०,००,०००/- (चौध करोड नब्वे लाख रुपैंया ) | ११,७१,९५,८१८.९०/- (एघार करोड एकहत्तर लाख पन्चानव्वे हजार आठ सय अठार रुपैंया र नब्वे पैसा ) | ७८.६५ प्रतिशत |
| राजश्व बाँडफाँड प्रदेश | ६,५९,२२,४००/- (छ करोड उनान्साठी लाख बाइस हजार चार सय रुपैंया) | ४,९४,११,७०२.५१/- (चार करोड चौरानव्वे लाख एघार हजार सात सय दुई रुपैंया र एकाउन्न पैसा) | ७४.९५ प्रतिशत |

| | | | |
|---|---|---|---|
| राजश्व बाँडफाँड मालपोत | ३,००,००,०००/- (तीन करोड रुपैंया) | १,४०,६०,६१५.८५/- (एक करोड चालिस लाख साठी हजार छ सय पन्ध्र रुपैंया पचासी पैसा मात्र ) | ४६.८६ प्रतिशत |

अब म चालु आ.व को हाल सम्मको क्षेत्रगत बजेट तथा खर्चको प्रगति विवरण पेश गर्दछु। चालु आ.व २०८१/८२ को मिति २०८२/०३/०५ गते सम्मको क्षेत्रगत बजेट तथा खर्चको यथार्थ विवरण यस प्रकार रहेको छ।

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६,११,३६,०००/(छ करोड एघारा लाख छत्तिस हजार रुपैंया मात्र) | ३,२५,७८,१४९.४०/- (तीन करोड पच्चिस लाख अठ्हत्तर हजार एक सय उन्नपचास रुपैंया र चालिस पैसा मात्र ) | ५३.२९ प्रतिशत |
| २ | सामाजिक विकास | ६३,६४,१९,४००/- (त्रिसठ्ठी करोड चौसठ्ठी लाख उन्नाइस हजार चार सय रुपैंया मात्र) | ३८,७७,२६,१०१.६७/- (अड्तीस करोड सतहत्तर लाख छब्विस हजार एक सय एक रुपैंया र सत्सठ्ठी पैसा) | ६०.९२ प्रतिशत |
| ३ | पूर्वाधार विकास | ३०,४९,७०,०००(तिस करोड उनान्चालिस लाख सत्तरी हजार रुपैंया मात्र) | १३,६२,०२,५५९.६६/- (तेह्र करोड बैसठ्ठी लाख दुई हजार पाँच सय उनान्साठी रुपैंया छैसठ्ठी पैसा मात्र) | ४४.६६ प्रतिशत |
| ४ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | २,६७,१५,०००/- (दुईकरोड सठ्सठ्ठी लाख पन्ध्र हजार रुपैंया मात्र) | ६५,२३,४७७.९०/-(पैसठ्ठी लाख तेइस हजार चार सय सतहत्तर रुपैंया नव्वे पैसा मात्र) | २४.४२ प्रतिशत |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | २,०१,५२,०००/-(बिस करोड पन्ध्र लाख बीस हजार रुपैया मात्र ) | १४,३७,९५,१५८.९५/-(चौध करोड सैतिस लाख पन्चानव्वे हजार एक सय अन्ठाउन्न रुपैंया र पन्चानव्वे पैसा मात्र) | ५२.४६ प्रतिशत |
| | **कुल जम्मा** | **१,२२,९३,९२,४००/- (एक अरब बाइस करोड त्रियानब्बे लाख बयानब्बे हजार चार सय मात्र)** | **७०,६८,२५,४४७.५८/- (सत्तरी करोड अठसठ्ठी लाख पच्चिस हजार चार सय सत्चालिस रुपैंया र अन्ठाउन्न पैसा मात्र )** | **५७.४९ प्रतिशत** |

**सभा अध्यक्षज्यू, नगर सभाका सदस्यहरु, अव आगामी आर्थिक वर्षको स्रोत अनुमान, बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु। आगामी आर्थिक वर्ष २०८२/८३ का लागि आय तर्फ निम्नानुसार श्रोत अनुमान गरेको छु ।**

| अनुदान | बजेट | अक्षरुपी |
|---|---|---|
| संघ समानिकरण अनुदान | २१,०७,०,०००/- | एकाइस करोड सात लाख रुपैंया मात्र |
| संघ सशर्त चालु अनुदान | ४६,७६,००,०००/- | छ्यालिस करोड छहत्तर लाख रुपैंया मात्र |
| संघ सशर्त पुजीगत अनुदान | ३,२८,००,०००/- | तीन करोड अठ्ठाइस रुपैंया मात्र |
| संघ विशेष अनुदान | ६९,००,०००/- | उनान्सत्तरी लाख रुपैंया मात्र |
| संघ समपुरक अनुदान | ९१,००,०००/- | एकानव्वे लाख रुपैंया मात्र |
| संघ राजश्व बाँडफाँड | १३,०४,६४,४१९/- | तेह्र करोड चार लाख चौसठ्ठी हजार चार सय उन्नाइस रुपैंया मात्र |
| प्रदेश समानिकरण अनुदान | २,३४,५२,०००/- | दुई करोड चौतिस लाख बाउन्न हजार रुपैंया मात्र |
| प्रदेश सशर्त चालू अनुदान | २,५५,८३,०००/- | दुई करोड पचपन्न लाख त्रियासी हजार मात्र |
| प्रदेश सशर्त पुजिगत अनुदान | ५५,००,०००/- | पचपन्न लाख मात्र |
| प्रदेश समपुरक अनुदान | ३,१६,००,०००/- | तीन करोड सोह्र लाख मात्र |
| प्रदेश विशेष अनुदान | ६५,००,०००/- | पैसठ्ठी लाख रुपैंया मात्र |
| प्रदेश राजश्व बाँडफाँड | ५,९७,१३,७०५.६६/- | पाँच करोड सन्तानव्वे लाख तेह्र हजार सात सय पाँच रुपैंया छैसठ्ठी पैसा मात्र |
| आन्तरिक राजश्व | ६,००,००,०००/- | छ करोड रुपैंया मात्र |
| मालपोत | ९,४९,७२,०००/- | नौ करोड उन्नपचास लाख बहत्तर हजार रुपैंया मात्र |
| अल्या रकम | ६,४४,१९,८७५.६४/- | छ करोड चौवालिस लाख उन्नाइस हजार आठ सय पचहत्तर रुपैंया चौसठ्ठी पैसा मात्र |
| **कुल जम्मा** | १,२२,९३,०५,०००/- | **एक अरव वाइस करोड त्रियानव्वे लाख पाँच हजार मात्र** |

अब म आगामी आर्थिक वर्ष २०८२/८३ को कुल बजेट रु १ अरब २२ करोड ९३ लाख पाँच हजारमात्रको श्रोत अनुमानबाट चालु र पूजिगत शीर्षकमा विनियोजन भएको बजेटको विवरण प्रस्तुत गर्न चाहन्छु । आगामी आ.व २०८२/८३ मा चालु खर्च तर्फ रु. ८७,२७,५३,०००/- (सतासी करोड सत्ताइस लाख त्रिपन्न हजार रुपैंया मात्र) तथा पूजिगत खर्च तर्फ रु ३५,६५,५२,०००/- (पैतिस करोड पैसठ्ठी लाख बाउन्न हजार रुपैंया मात्र) बजेट विनियोजन गरेको छु ।

अव  म क्षेत्रगत रुपमा बजेटको विनियोजन प्रस्तुत गर्दछु ।

**आर्थिक विकास**

**आर्थिक विकास तर्फ क्षेत्रगत विनियोजन तपसिल अनुसार रहेको छ ।**

**कृषि तथा पशु**

- माटो र हावापानीसंग मेल खाने कृषि उपज उत्पादनमा जोड दिदैं कृषिलाई निर्वाहमुखिबाट व्यवसायिक वनाउने नीति कार्यान्वयनकालागि बजेट विनियोजन गरेको छु। माटो र हावापानी सुहाउदो उत्पादनलाई बढावा दिन "**एक वडा एक उत्पादन**" कार्यक्रमको लागि २८ लाख रुपैया विनियोजन गरेको छु।
- उत्पादनलाई प्रोत्साहन दिनको लागि मौरीपालन तर्फ उत्पादनमा आधारीत अनुदानको लागि १५ लाख रुपैयाँ रकम विनियोजन गरेको छु। नीलकण्ठ नगरपालिकाको वडा नं. ६ मा कफी खेती पकेट विकास कार्यक्रमको ५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छु।
- हरेक वडामा कम्तिमा एक जना मोवाइल पशु सेवा प्राविधिक (भेटेरिनरी स्वयंसेवक) परिचालन कार्यक्रम निरन्तरताको लागि २८ लाख बजेट विनियोजन गरेको छु। नगर कार्यालय तथा परिचालन भएका भेटेरिनरी स्वयंसेवक मार्फत नगरपालिकाबाट तोकिएका पशुपन्छीको औषधि निशुल्क उपलब्ध गराउनको लागि ९ लाख रुपैयाँ विनियोजन गरेको छु।
- सामुदायिक कुकुर व्यवस्थापनका तथा वन्ध्याकरण लगायतका कार्यकालागी आवश्यक रकम विनियोजन गरेको छु।
- हेफर इन्टरनेशनलसंगको सहकार्यमा कृषकहरुको ब्यवसायीक क्षमता वृद्धि गर्दै कृषि उपज प्रशोधन केन्द्र निर्माण कार्यलाई सम्पन्न गरी सेवा सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाएको छु।

**उद्यम, उद्योग वाणिज्य र सहकारी**

- गरिवी निवारणका लागि लघु उद्यम परियोजना (मेड्पा) लगायत उद्यम, उद्यमशीलता, नव उद्यमी ब्यवशायीहरुलाई प्रोत्साहनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- मेयर उद्यमशिलता विकास कार्यक्रम मार्फत उत्पादन, सेवा र रोजगार सृजना गरी उद्यमशिलता प्रवर्द्धनका लागि रु. ४० लाख रकम विनियोजन गरेको छु। उक्त रकम उद्यमशिलता प्रवद्धन सगैं कार्यविधि बमोजिम उपलब्ध गराईने व्याजमा अनुदानमा खर्च हुनेछ।

- उद्योग बाणिज्य क्षेत्रको प्रवर्धनात्मक कार्यक्रम संचालन गरिने छ, जसका लागि रु. १० लाख विनियोजन गरेको छु।
- आर्थिक विकासको एक खम्वाको रुपमा रहेको सहकारीहरुको लागि वित्तिय विश्लेषण, पदाधिकारीको क्षमता विकास तालिमलगायतका कार्यक्रमको लागि यथोचित रकम विनियोजन गरेको छु ।

**संस्कृति तथा पर्यटन**

- निलकण्ठेश्वर पार्कको निर्माण निरन्तरता, पर्यापर्यटन, धार्मिक सास्कृतिक महत्वका क्षेत्र तथा संरचना निर्माण तथा संरक्षण सम्वर्द्धनका लागि यथोचित प्रवन्ध मिलाईएको छ। नीलकण्ठेश्वर पार्को लागि ५० लाख र आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धनका लागि रु. २० गरी जम्मा ७० लाख रुपैयाँ रकम बजेट विनियोजन गरेको छु।
- नीलकण्ठ नगरपालिका वडा नं. २, पिपलडाडास्थित शहिद स्मृती पार्कमा शहिद स्तम्भ निर्माण तथा व्यवस्थापनको लागि १० लाख रुपैयाँ र शहिद स्मृती प्रतिक्षालयहरुको निमार्णकोलागि ५ लाख रुपैयाँ रकम विनियोजन गरेको छु।
- नीलकण्ठ नगरपालिकाको भाषा, कला, संस्कृति एवं प्राज्ञिक क्षेत्रको प्रर्वद्धन विकासका लागि स्थापना भएको निलकण्ठ प्रज्ञा प्रतिष्ठान सञ्चालन व्यवस्थापनका लागि रु. १० लाख विनियोजन गरेको छु ।

**सामाजिक विकास**

सामाजिक विकासतर्फ क्षेत्रगत विनियोजन तपशील अनुसार रहेको छ ।

**शिक्षा**

- बाल कक्षा देखि कक्षा १२ सम्मको अनिवार्य निःशुल्क शिक्षा निरन्तरताको लागि बजेट विनियोजन गरेको छु। शिक्षा क्षेत्रको समग्र विकासका लागि संघीय सरकारबाट प्राप्त कार्यक्रम प्रदेश सरकारबाट प्राप्त कार्यक्रममा नगरपालिकाबाट थप ९ करोड १० लाख विनियोजन गरेको छु।
- नगर शिक्षक अनुदानमा कार्यरत शिक्षकहरुको निरन्तरताको लागि आवश्यक बजेट विनियोजन गरेको छु
- निःशुल्क शिक्षा कार्यान्वयन गर्दैगर्दा आवश्यक पर्ने शैक्षिक व्यवस्थापनको लागि विद्यार्थी लागत अनुदानको व्यवस्थापन गर्न आवश्यक विनियोजन गरेको छु।

- विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न शिक्षक, अभिभावक तथा विद्यार्थीलाई थप जिम्मेवार बनाउने तथा विद्यालय अनुगमनलाई प्रभावकारी बनाउन यथोचित प्रवन्ध गरेको छु। उच्च शिक्षा अध्ययनका लागि विपन्न तथा दलित वर्गको लागि छात्रबृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरताको लागि बजेट विनियोजन गरेको छु ।
- विषयगत शिक्षक तालिम, विद्यालय कार्यसम्पादन स्तर मूल्याङ्कन, नतिजा विश्लेषण गरी सुधार योजना कार्यान्वयनआदी कार्यक्रम मार्फत शैक्षिक सुधारको लागि आवश्यक विनियोजन गरेको छु।
- STEM AND ROBOTICS शिक्षा कार्यक्रमको लागि रकमको व्यवस्था मिलाएको छु।
- असहाय, गरिव विपन्न छात्रछात्राको लागि पोशाक तथा शैक्षिक सामग्री सहयोग कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु।

**स्वास्थ्य**

स्वास्थ्य तर्फ सशर्त बाहेकका कार्यक्रम सञ्चालनका लागि २ करोड ६२ लाख रुपैयाँ विनियोजन गरेको छु।

- **जनतासंग मेयर स्वास्थ्य परीक्षण** कार्यक्रम अन्तर्गत नगरबासी जनताको प्रेसर, सुगर, ब्लड ग्रुप छुट्ट्याउने, होलबडी चेक अप जस्ता स्क्रिनिङ कार्यक्रमहरु संचालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- नेपाल सरकारले तोकेबमोजिमका निःशुल्क औषधिहरु साथै यस नगरपालिकाले लक्षित वर्गहरुको लागि प्रदान गर्ने निःशुल्क स्वास्थ्य सेवाको औषधि, औजार उपकरण तथा प्रयोगशाला सामग्रीहरुको खरिदको लागि प्रर्याप्त रकमको ब्यवस्था गरिएको छु ।
- नगरपालिकाका स्वास्थ्यसंस्थाहरुको भौतिक पूर्वाधार मर्मत सम्भार तथा ब्यवस्थापकीय कार्यकालागि रकम ब्यवस्था गर्नुका साथै निरन्तरका सेवाहरुलाई थप प्रभावकारी बनाउन आवश्यक विनियोजन गरेको छु ।
- स्वस्थ्य मातृ तथा नवजात शिशु स्वास्थ्य कार्यक्रमहरुलाइ निरन्तरता दिएको छु।
- स्वास्थ्य संस्थाहरुलाई प्रविधि मैत्री बनाइने छ । बैकल्पिक उपचार पद्धतिको विकासको लागि समेत आवश्यक बजेट विनियोजन गरेको छु।
- नीलकण्ठ नगरपालिकालाई क्षयरोग मुक्त पालिका बनाउन क्षयरोग मुक्त अभियान कार्यक्रमको निरन्तरताको लागि यथोचित बजेटको प्रवन्ध गरेको छु।
- सुत्केरी महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी भएवापत उपलब्ध गराउने एम्बुलेन्स भाडा उपलब्ध कार्यक्रमलाई निरन्तरता दिएको छु।

- समुदायको स्वास्थ्यको लागि अहोरात्र खटिने महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको स्वास्थ्य बिमाको लागि स्वास्थ्य विमाबापत हुने शुल्कमा ५० प्रतिशत रकम नगरपालिकाबाट दिने व्यवस्था मिलाएको छु।
- आयुर्वेद सेवा प्रवद्धनको लागि १२ लाख रुपैया रकम विनियोजन गरेको छु।

**युवा तथा खेलकुद**

- युवा तथा खेलकुदका कार्यक्रम तथा खेलमैदान योजना निर्माणको लागि जम्मा १ करोड ४० लाख रुपैयाँ रकम विनियोजन गरेको छु।
- खेलकुद मार्फत खेल प्रतिभा विकास गर्न जिल्ला तथा नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड र मेयर कप खेलकुद (व्याडमिन्टन  र फुटसल) र अन्तरपालिका खेलकुद कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- "युवासंग उपप्रमुख" कार्यक्रम मार्फत युवावर्गको शिक्षा, सीप र उद्यमशिलता प्रर्वद्धन गर्ने, नमूना युवा संसद अभ्यास गर्ने, नगर युवा नीति तयार गर्ने लगायत युवा  हितका कार्य गर्नको लागि १० लाख रुपैयाँ बजेट विनियोजन गरेको छु। यसबाट युवाहरुमा सीप तालिममा दक्षता अभिवृद्धि, रोजगारीको अवसर सृजना, नवप्रवर्द्धनका साथै सामुदायिक सेवा, सार्वजनिक हित र देशभक्तको भावना सहित अनुशासित एवं नैतिकवान नागरिक बनाउन मद्त पुग्ने लक्ष्य लिएको छ।
- नगरपालिकालाई खेलमैत्री नगरको रुपमा स्थापित गर्ने उद्देश्यका साथ धादिङवेसीको खुलामञ्च क्षेत्रमा नमून हरित खेल मैदान निर्माण गर्न १ करोड रुपैयाँ रकम विनियोजन गरेको छु।

**श्रम तथा रोजगार प्रवर्द्धन**

- श्रमको सम्मान नीलकण्ठ नगरको अभियान भन्ने नारालाई आत्मसाथ गर्दै आन्तरिक रोजगारी सिर्जना तथा प्रर्वदन कार्यक्रमका लागि संघीय सरकारको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ र यसका लागि १९ लाख ४४ हजार विनियोजन गरेको छु ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित तथा भरपर्दो वनाउन संघ प्रदेश तथा स्थानीय सरकारको साझेदारीमा सुरक्षित आप्रवासन सामी कार्यक्रम सञ्चालन गरि सूचना तथा परामर्श , न्यायमा सहजीकरण, वित्तीय साक्षरता शिक्षा ,मनोपरामर्श सेवा तथा घर घरमा सूचना सम्प्रेषणको लागि रिटर्नी स्वयंसेवक परिचालन गरी कार्यक्रम सञ्चालन गरिनेछ र यसका लागि सङ्घीय सरकारबाट प्राप्त हुने रकममा नगरपालिकाबाट थप  रु १८  लाख ५० हजार रुपैया विनियोजन गरेको छु ।

**खानेपानी तथा सरसफाइ**

- लिफ्ट खानेपानी कार्यक्रमका लागि विद्युत महशुलमा ५० प्रतिशत अनुदान, सडक विद्युतको महशुलमा ५० प्रतिशत अनुदान र विपन्न नागरिकको मृत्युसंस्कारमा सहायता कार्यक्रमलाई निरन्तरता दिएको छु । सो कार्यको लागि ९० लाख रुपैयाँ रकम विनियोजन गरेको छु ।
- फोहोरमैला व्यवस्थापन कार्यलाई व्यवस्थित गराउने, स्रोतमै फोहोरमैला वर्गीकरण गर्ने लगायतका कार्यहरुलाई निरन्तर दिइनेछ। खानेपानी, सरसफाई तथा स्वच्छता बोर्डमार्फत कार्यहरु व्यवस्थित गर्नको लागी आवश्यक विनियोजन गरेको छु।
- संघ सरकार तथा प्रदेश सरकारहरुबाट प्राप्त बजेट तथा नगरपालिकाको स्रोत तथा दातृ निकाय संगको साझेदारीबाट खानेपानीको व्यवस्थापनको लागि ४५ लाख रकम विनियोजन गरेको छु।
- खानेपानी, सरसफाई तथा स्वच्छता बोर्डमार्फत खानेपानी तथा फोहोरमैला व्यवस्थापन समेतकाकार्यहरु व्यवस्थित गर्नको लागी ४७ लाख रुपैया विनियोजन गरेको छु।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

- सामाजिक विभेदको कारण आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्ग, लिंग ,समुदाय लगायत लक्षित वर्गलाइ मूलप्रवाहीकरण गर्न समतामूलक कार्यक्रमहरु संचालन गरिनेछ। नीलकण्ठ नगरपालिका हाम्रो नगरपालिका भन्ने भावना जगाइ मूलधारमा समावेश गर्नुपर्ने वर्गको उत्थानका लागि नगर तथा वडा तहबाट संचालन हुने गरी कार्यक्रम संचालनका लागि यथोचित विनियोजन गरेको छु।
- ज्येष्ठ नागरिक कार्यक्रम र बाबुआमा विहिन बालबालिका संरक्षण कार्यक्रमलाई निरन्तरता दिएको छु।
- महिलाहरुको उद्यमशीलता एवं आयआर्जन, सिप विकास तथा नेतृत्व विकासमा जोड दिइनेछ। यसका लागि सवै वडामा महिलाका लागि महिला जनप्रतिनिधि कार्यक्रम संचालनका लागि ९ लाख रुपैयाँ विनयोजन गरेको छु।
- नगरपालिकाको दलितलक्षित रणनीतिक योजना अनुसार दलित समुदायको विकास, उत्थान कार्यक्रमका लागि १६ लाख रुपैया रकमको प्रबन्ध गरेको छु।
- वालमैत्री स्थानीय शासन अवलम्वन तथा घोषणाको लागि आवश्यक सूचक पुरा गर्ने कार्यक्रम सञ्चालनका लागि ३० लाख बजेट विनियोजन गरेको छु।
- विद्यालय तहका बालबालिकाको प्रजनन स्वास्थ्य विशेषगरी बालबालिका हरुलाई महिनावारी हुँदा विद्यालय छाड्नुपर्ने जस्ता कारण शैक्षिक रुपमा पछाडी परिरहेको अवस्था निराकरणका

लागि आवश्यक बजेट प्रस्तुत गरेको छु बालबालिकालाई विपद् तथा हिंसाबाट जोगाउन चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने छ। जेष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिहरुका लागि प्रवर्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ

- “ग” वर्गको अपाङ्गता परिचय पत्र प्राप्त गरेका अपाङ्गता भएका व्यक्तिहरु स्वास्थ्य बिमा गर्दा शत प्रतिशत अनुदानको ६ लाख रुपयाँ विनियोजना गरेको छु। अपाङ्गता भएका व्यक्तिहरुको लागि जिविकोपार्जनमा सहयोग हुने कार्यक्रमलाई बजेट छुट्याएको छु।
- आदिवासी जनजाति उत्थान विकास कार्यक्रमको लागि यथोचित रकम विनियोजन गरेको छु।

## पूर्वाधार विकास

- जनताको जिवन स्तरसंग प्रत्यक्ष सम्बन्ध राख्ने तथा विकास निर्माणको आधारशिलाको रुपमा रहेको सडक पूर्वाधारको विकासमा जोड दिदै वडा कार्यालयहरु सम्म कालोपत्रे सडक पुर्याउने प्रमुख लक्ष्य अन्तरगत संघ तथा प्रदेश सरकार संग समपुरक लागतमा कार्यमा समपुरक तर्फ बहुवर्षिय योजनाको रुपमा १ नं. वडा कार्यालय र केन्द्र जोडने सिरानवजार भुलभुले पात्ले सडकस्तरोन्नती (वडा नं ३, २ र १) र प्रदेश समपुरक तर्फ हनुमान डाडा राममन्दिर हुदैं जाने कृषि सडक स्तरोन्नती (वडा नं. १०), घिमिरेजङ्गार देउराली आपश्वारा वटुवा लोर्केपहरा मधुवन सडक स्तरोन्ती (वडा नं. १२ र १३), गोलाभञ्ज्याङ चामभञ्ज्याङ सडक स्तरोन्नती वडा नं. ११ तर्फ गरी जम्मा रु. ७ करोड ५० लाख विनियोजन गरेको छु।
- वडागत साझेदारीको आयोजना कार्यान्वयनको लागि ५० लाख रुपैया र पर्यटन वोर्ड, सडक वोर्ड लगायत अन्य साझेदार निकायसंगको साझेदारीमा आयोजना कार्यान्वयनका लागि साझेदारी कोष अन्तरगत रु ६० लाख रकम विनियोजन गरेको छु ।
- नगरपालिकाको सौन्दर्य जिल्लाको नै सौन्दर्य रहेको कारण जिल्लाको चिनारी बृद्धि गर्नको लागि सदरमुकाम क्षेत्रको थोपल खोलाको किनारमा करिडोर निर्माण निरन्तरतका लागि रु. ५० लाख रकम विनियोजन गरेको छु । नगर गौरव योजनामा रहेको नगर चक्रपथ निर्माण स्तरोन्नती तथा सुदृढीकरण निरन्तरताको लागि रु ५० लाख विनियोजन गरेको छु।
- आगामी आर्थिक वर्षमा प्रशासनिक भवन निर्माण कार्य सम्पन्न हुनेभएकाले भवन निर्माण र नगर कार्यपालिकाको सेवा प्रवाहलाई व्यवस्थित र एकीकृत गर्न कार्यालय व्यवस्थापनको लागि जम्मा रु. २ करोड ५० लाख विनियोजन गरेको छु।

## वन, वातावरण तथा विपद व्यवस्थापन

- सर्वसाधारणमा वातावरण सम्बन्धी जनचेतना अभिवृद्धि गर्न जनचेतना मूलक कार्यक्रमहरू सञ्चालन गरिने छ। सामूदायिक वन उपभोक्ता समितिको सहभागीतामा वृक्षारोपण, हरियाली सडक अभियान, वन सम्पदाको संरक्षणात्मक कार्यमा सञ्चालन गरिने छ ।
- वडा स्तरमा रहेका विपद् व्यवस्थापन समितिलाई क्रियाशील बनाइने छ।हरेक वडामा स्थानीय स्वयंसेवी समूह, नेपाल रेडक्रस सोसाइटी, धादिङ सोसियल भोल्युन्टियर लगायतका विभिन्न संघसंस्थाहरुसँग सहकार्यलाइ समन्वयात्मक बनाइनेछ।
- वन्यजन्तुबाट बाली सुरक्षित राख्ने सचेतना तथा वैकल्पिक बाली प्रवद्धन कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।
- वातावरणमैत्री स्थानीय तह घोषणाको लागि सूचक पुरागर्न आवश्यक बजेट विनियोजन गरेको छु।
- विपद् व्यवस्थापन तथा विपद राहत कोषमा ४० लाख रुपैयाँ विनियोजन गरेको छु।

## सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र

- जनताको प्रत्यक्ष सरोकारसंग सम्वन्ध राख्नेसेवा प्रवाहलाई छिटो छरितो चुस्त दुरुस्त र प्रभावकारी बनाउन संस्थागत क्षमता विकास गर्न आवश्यक विनियोजन गरेको छु । कार्य सम्पादनमा प्रभावकारीता ल्याउन पदाधिकारीहरु, कर्मचारी तथा नगर प्रहरी कर्मचारीहरुको क्षमता विकाससंग सम्वन्धित कार्यक्रमहरु संचालन गरिनेछ।
- नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुविच कम्प्युटर प्रणालीबाट सूचना आदान प्रदान तथा सेवा प्रवाह व्यवस्थित गर्नका लागि VLAN-Network Structure व्यवस्थित गर्नको लागि ३५ लाख रुपैयाँ विनियोजन गरेको छु।
- एकिकृत घुम्ती शिविर कार्यक्रम सञ्चालनकालागि यथोचित विनियोजन गरेको छु।
- टोल विकास संस्थाहरुलाई सवलीकरण गरी टोलको समग्र विकासमा परिचालनका लागि आवश्यक सहयोग तथा समन्वय गर्ने व्यवस्था मिलाएको छु ।
- वडा कार्यालयबाट उठेको राजश्वको १० प्रतिशत रकम सम्बन्धित वडाको सिफारिसमा करदाताको क्षमता विकास तथा सामाजिक कार्यमा खर्च गर्ने व्यवस्था मिलाएको छु । साथै छिटो कार्यसम्पादन गर्ने वडाको लागि रु.१० लाख प्रोत्साहन रकम र राजश्व संकलनको आधारमा १० प्रतिशत रकम सम्बन्धित वडाको कार्यक्रममा खर्च गर्नका लागि रु. २० लाख रकम विनियोजन गरेको छु।

- सञ्चारकर्मीको क्षमता अभिवृद्धि लगायतका प्रवद्धनात्मक कार्यका लागि यथोचित विनियोजन गरेको छु।
- वडास्तरमा विकास निर्माण मर्मत सम्भार तथा कार्यक्रम सञ्चालनको लागि बजेट विनियोजन गरेको छु

**न्यायिक समिति**

- प्रत्येक वडामा स्थापना भएका मेलमिलाप केन्द्रलाई थप व्यवस्थित गर्दै न्यायिक समितिवाट प्रदान गरिने सेवामा सवै नगरवासीको सरल र सहज पहुँच सुनिश्चित गर्नको लागि यथोचित रकम विनियोजन गरेको छु। मेलमिलापकर्ता पुनर्ताजगी तालिम, न्यायिक अन्तक्रिया, न्यायिक सेवा प्रवाह अभिमुखिकरण, कानूनी सहयोग, मेलमिलापकर्ता परिचालन आदि कार्यक्रमहरु सञ्चालनको लागि रु. १५ लाख विनियोजन गरिएको छ ।

चालू आर्थिक वर्ष ०८१/०८२ मा प्रक्षेपण गरिएको आन्तरिक राजश्व लक्ष्य अनुसार संकलन गर्न सकिएन । चालू आर्थिक वर्षमा कर तिर्न अनिवार्य र स्वस्फुर्त कर तिर्न आउने वातावरण सृजना गर्ने कुरामा विशेष ध्यान दिइने छ । चालू आ.व.मा तोकिएको करका दायरामा आगामी आ.व.को लागि सामान्य फेर वदलको प्रस्ताव गरेको छु । विगतमा कर छुट दिइदै आएका अपाङ्गता र विपदको सिफारिस तथा सर्ने कडा रोगको स्वास्थ्य उपचार सिफारिसमा दिइएको छुट आगामी वर्षमा पनि निरन्तरता दिईने छ । यसमा एकल महिला र विपन्नताको सिफारिस, योजना तथा कार्यक्रम माग सिफारिस, सामाजिक सूरक्षा भत्तासंग सम्बन्धित सिफारिसमा  पनि छुट दिने प्रस्ताव गरेको छु । त्यस्तै कृषि उत्पादनको लागि जग्गा भाडा लिदादिदा लाग्ने बहाल करमा ५० प्रतिशत छुट दिने प्रस्ताव गरेको छु। नगरको सम्रग विकास नगरवासीहरुको प्रयासवाट मात्र सम्भव रहने भएकोले प्रस्तावित कर समयमै असुल हुने अपेक्षा राखेको छु ।

सभा अध्यक्षज्यू, नगर सभा सदस्यज्यूहरु,
आजको यस गरीमामय नगर सभामा प्रस्तुत गरिएको नीति र्कायक्रम तथा विनियोजित वजेटबाट नीलकण्ठ नगरपालिकाको भौतिक पूर्वाधार आर्थिक तथा सामाजिक क्षेत्रको समग्र विकासमा सहयोग पुग्ने विश्वास लिएको छु ।
बजेट तर्जुमाको क्रममा स्रोत उपलब्ध गराउने नेपाल सरकार तथा प्रदेश सरकार, अमुल्य सुझाव दिनु हुने निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज, राष्ट्रसेवक, संघ संस्था, सञ्चार जगत लगायत आम नीलकण्ठ नगरवासी दिदीबहिनी दाजुभाइहरुलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु । बजेट तर्जुमाको क्रममा

सबैबाट प्राप्त भएको सहयोग बजेट कार्यान्वयनको क्रममा समेत यथावत रुपमा रहिरहने मेरो अपेक्षा छ ।

आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रम र वजेट र सो संग सम्वन्धित अर्थ विधेयक र विनियोजन विधेयक उपर रचनात्मक र सिर्जनात्मक रुपमा छलफल गरी पारित गराई प्रभावकारी कार्यान्वयनमा सबैको सहयोग हुनेछ भन्ने विश्वासका साथ स्वकृतिका लागि नगरसभा सदस्यज्यूहरुमा प्रस्तुत गरेको छु ।

**धन्यवाद ! अभिवादन ! जय नीलकण्ठ !**

प्रस्तुतकर्ताः
दिपक विश्वकर्मा,
नगर उपप्रमुख, नीलकण्ठ नगरपालिका, धादिङ मितिः २०८२।०३।०६